# कृत्रिम घटना अभ्यास कार्यक्रम, सिन्धुपाल्चोक

आज मिति २०७३ चैत्र १८ गते जिल्ला दैवी प्रकोप उद्धार समिति सिन्धुपाल्चोकले आयोजना गरेको **कृत्रिम घटना अभ्यास** अन्तर्गत ०९:४५ बजेको समयमा नेपाल र चीनको सिमानामा ७.१ रेक्टर स्केलको भुकम्प गई जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रबाट प्रमुख जिल्ला अधिकारी अन्तर बहादुर सिलवालको निर्देशन अनुसार खोज तथा उद्धारको लागि नेपाली सेना, गोरख बहादुर गणबाट प्र.से. उमेश कार्कीको कमाण्डमा १/४९ र सशस्त्र प्रहरी बल लामोसाँघुबाट स.प्र.उ. सुन्दर खड्काको कमाण्डमा १/४९ र जिल्ला सुरक्षा बेस, चौताराबाट स.प्र.नि. डम्बर नेपालीको कमाण्डमा १/१२ जना र जिल्ला प्रहरी कार्यालय, चौताराबाट प्र.उ. रविन्द्र के.सी. को कमाण्डमा १/४० जनाको सुरक्षा फौज खोज तथा उद्धार कार्यको लागि नेपाल रेडक्रस सोसाइटी समेत तत्काल परिचालन गरिएको थियो।

**मृतक**: १ जना (पुरुष) वर्ष २५ को राम बहादुर पराजुलीको पोष्टमार्टम पश्चात मृतकको बुबालाई बुझिलिएको।

**घाइते**: ५१ जना (पुरुष: ७; महिला: १६), डिष्चार्ज भएका: ८, जिल्ला अस्पतालमा रिफर गरिएको: १३ जना

जिल्ला अस्पतालबाट रिफर गरिएको: ५ जना (बि एण्ड बि, काठमाडौंमा), ३ महिला २ पुरुष

ऐऐ: टिचिङ अस्पताल, काठमाडौं २ जना (१ महिला १ पुरुष)

**क्षति भएका घर संख्या**: १५ (बालकल्याण समितिको भवन १ पूर्ण क्षति)

चेलिबेटी बेचबिखनमा प्रहरी चौकी, वनदेउ चेकपोष्टले १ जनालाई पक्राऊ गरेको।

घटना पश्चात जिल्लामा सक्रिय रहेका ७ (सात) वटा विषयगत क्षेत्र (Cluster) हरुले आफ्नो क्षेत्रबाट गरिएका कृयाकलापहरुको विवरण यस जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोकमा उपलब्ध गराएका थिए। विषयगत क्षेत्रबाट प्राप्त विवरणहरु संक्षिप्त रुपमा यसै साथ संलग्न गरिएको छ। कार्यक्रमको अन्त्यमा विभिन्न विषयगत क्षेत्रहरुले यस कार्यक्रमबाट सिकेका पाठहरु अब आउने विपदको लागि राम्रो सिकाई भएको जानकारी गराए। साथै प्रमुख जिल्ला अधिकारी अन्तर बहादुर सिलवालले विपदको लागि पूर्वतयारीको महत्वको बारेमा प्रकाश पार्दै यस कृत्रिम घटना अभ्यास बाट विपद तथा पुर्वतयारीमा कार्य गर्ने निकायहरुले आफ्ना कमी कमजोरीलाई सुधार गर्दै यस सिन्धुपाल्चोक जिल्लालाई विपद पूर्वतयारीमा सक्षम बनाउने पर्नेमा जोड दिँदै उक्त कार्यक्रम १२:४५ बजे समापन भएको थियो। यसै कार्यक्रममा टुँडिखेल नजिक रहेको बाल कल्याणको भवन भत्काईएको थियो।

**स्रोत: जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक**

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक

## Shelter Cluster

सञ्चालन गरिएका कृयाकलापहरु:

| सि.नं. | सामाग्री | ईकाई | संख्या | वितरण गरिएको स्थान | सहयोगी निकायहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टारपोलिन | थान | ५०० | चौतारा | रेडक्रस | थप ५००० थान सेभ द चिल्ड्रेनले प्रदान गरेको |
| | | थान | ४५०० | बाह्रबिसे | रेडक्रस | |
| | | थान | ३०० | मेलम्ची | रेडक्रस | |
| २ | टेन्ट | थान | २०० | चौतारा | रेडक्रस | |
| | | थान | १५० | मेलम्ची | रेडक्रस | |
| | | थान | १९० | बाह्रबिसे | रेडक्रस | |
| ३ | राहतसेट | थान | ५०० | चौतारा | वर्ल्ड भिजन | |
| | | थान | २००० | | रेडक्रस | |
| | | थान | ८०० | मेलम्ची | केयर नेपाल | |
| | | थान | २२०० | | रेडक्रस | |
| | | थान | ५०० | बाह्रबिसे | मर्सी कर्पस् | |
| | | थान | १००० | बाह्रबिसे | हेल्भेटास | |

# Education Cluster

क्षतिको विवरण

१. विद्यालय क्षति संख्या: १००

एए आंशिक क्षति: ५० र पूर्ण क्षति: ५०

२. **शिक्षकहरुको विवरण**

घाइते: ५

बेपत्ता: १८

३. **विद्यार्थी**

घाइते: ३६५

बेपत्ता: २५

४. **शैक्षिक सामाग्री**

लगभग रु. १ करोड बराबरको क्षति

५. **शौचालय**

७० वटा छात्र शौचालय भत्किएको र १२० वटा छात्रा शौचालय भत्किएको

६. **खानेपानी**

२०० वटा खानेपानी सुविधा पूर्ण क्षति

प्रगती विवरण

- ✓ ५००० विद्यार्थीलाई २ छाक खाना खुवाएको;
- ✓ ३६५ जना विद्यार्थी घाइते मध्ये २०० जना उपचारार्थ घर फर्किएको;
- ✓ १७५ जना अझै उपचार गरिरहेका;
- ✓ १८ हराएका मध्ये बालबालिकाको खोजी जारी, फेला नपरेको;
- ✓ ५ जना हराएका शिक्षक मध्ये १ जना फेला परेको र बाँकी फेला नपरेको;

**सामाग्री तर्फको विवरण:**

| | सामाग्री | आवश्यक संख्या | उपलब्ध गराईएको संख्या | अझै आवश्यक संख्या | प्रतिबद्धता आएको संख्या | |
|---|---|---|---|---|---|---|
| | विद्यालय किट | ४५० | १५० | १०० | २०० | |
| | ECD | १०० | ७५ | २५ | | |
| | रिक्रिएसन किट | ३०० | २०० | १०० | | |
| | विद्यार्थी किट | १०५०० | ३००० | ३५०० | [illegible]०० | |
| | अस्थायी सिकाई केन्द्र | | | | | |

# WASH Cluster

यस कल्ष्टरबाट गरिएका कृयाकलापहरु:

- ✓ ३ वटा शौचालय टुडिखेल निर्माण गरिएको;
- ✓ १ वटा ट्याङ्की स्थापना गरि पानी वितरण गरिएको;
- ✓ ४० जना महिलाहरुलाई हाईजीन किट वितरण गरिएको;
- ✓ ३० वटा बाल्टिनबाट सबै क्षेत्रमा पानी वितरण गरिएको;
- ✓ ३५ जना महिलालाई सरसफाई सम्बन्धी जानकारी गरिएको;
- ✓ ३१५ खानेपानी योजना ध्वस्त भएको र लगभग ४ करोड बराबरको क्षति लाग्ने अनुमान;
- ✓ खानेपानी सम्बन्धी श्रोतहरु संकलन कार्य जारी;

Food Cluster

खाद्य तथा कृषि क्षेत्रबाट पाँच घरपरिवारको २५ जनालाई १० के.जि. चामल, २ के.जि. दाल, ७५० ग्राम तेल र ७५ ग्राम नुन र ड्राई फुड २५ पोका वितरण गरिएको ।

बजारमा खाद्य अनुगमन गर्दा निम्नानुसारको सामाग्रीहरु उपलब्ध पाईयो :

| | |
|---|---|
| चामल | २७० मे.टन |
| दाल | १२ मे. टन |
| तेल | १२० लि. |
| तरकारी | ६८ क्विन्टल |
| मकै | १३० मे. टन |
| कोदो | २४० मे. टन |
| गहुँ | ३० मे. टन |
| आलु | २८ मे. टन |

# Protection Cluster

मुख्य गतिविधि

- ✓ गर्भवति तथा सुत्केरीको तथ्याङ्क संकलन;
- ✓ आमाबुबा गुमाएका बालबालिकाको संख्या संकलन;
- ✓ एक्लो बालबालिकाको संख्या संकलन;

जम्मा गतिविधि संख्या: ५ (बालमैत्री, महिलामैत्री, Dignity kit वितरण, उद्धार र मनोबिमर्श)

जम्मा लाभान्वित घरधुरी संख्या: ५००

| वयस्क | | | बालबालिका | | | अन्य संकटासन्न समुहहरु | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | बालक | बालक | जम्मा | अपाङ्ग | घाइते | गर्भवती | सुत्केरी | अनाथ |
| २५ | - | २५ | ५ | ८ | १३ | ६ | [illegible] | २१ | ६ | ७ |

अनुसुची:






प्रमुख जिल्ला अधिकारी










जिल्ला अधिकारी






प्रमुख जिल्ला अधिकारी





जिल्ला अधिका












जिल्ला अधिकारी


RED CROSS SOCIETY
भूकम्पमा आधारित
कृत्रिम घटना अभ्यास कार्यक्रम
चैत्र १८, २०७३
टुँडिखेल, चौतारा, सिन्धुपाल्चोक
खानेपानी तथा सरसफाई क्लष्टर
(WASH Cluster)
सहयोगी संस्थाहरु:
JANAHIT
USAID
CARITAS
Save the Children
care
unicef
OXFAM


OXFAM



